**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ मार्च २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदीले भारत तटस्थ नभएको तर शान्तिप्रति प्रतिबद्ध रहेको अनि भारतीयहरू सद्भावमा विश्वास गर्छन् र शान्ति चाहन्छन् भन्नु भयो।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनसँग भारत-न्यूजील्याण्ड सम्बन्धका विभिन्न पक्षहरूमा छलफल गर्नु हुनेछ।

३. वित्तमन्त्री निर्मला सीतारमणले आज प्रधानमन्त्री इन्टर्नशिप योजना-पीएमआईएसको लागि समर्पित एप लन्च गर्नु हुनेछ।

४. सर्वोच्च न्यायलयले आज कोलकाता आरजीकर मामिलाको सुनुवाइ गर्नेछ।

५. कबड्डी विश्वकप २०२५ आजदेखि इङ्गल्याण्डमा शुरु हुँदैछ।

**<u>प्रधानमन्त्री पोडकास्ट</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत तटस्थ नभएको तर शान्तिप्रति प्रतिबद्ध रहेकोमा जोड दिनु भएको छ। उहाँले भन्नुभयो, भारतले शान्तिको बारेमा जे भन्छ, संसारले त्यो सुन्छ, किनकि भारत गौतम बुद्ध र महात्मा गान्धीको भूमि हो। पोडकास्टर लेक्स फ्रिडम्यानसँगको कुराकानीमा, श्री मोदीले भारतीयहरू सद्भावमा विश्वास गर्छन् र शान्ति चाहन्छन् भन्नु भयो।रुस-युक्रेन द्वन्द्वको बारेमा सोधिएको प्रश्नको जवाफ दिनु हुँदै श्री मोदीले दुई देशहरू वार्ताका लागि एकसाथ आएपछि मात्र यो समस्या समाधान हुन सक्ने बताउनु भयो। उहाँले भन्नु भयो, युक्रेनले आफ्ना सहयोगीहरूसँग अनगिन्ती छलफल गर्न सक्छ, तर यसले कुनै परिणाम दिने छैन। उहाँले छलफलमा दुवै पक्षलाई समावेश गर्नु पर्ने बताउनु भयो। भारत-चीन सम्बन्धको बारेमा श्री मोदीले दुई देशहरूबीचको सम्बन्ध नयाँ नभएको तर प्राचीनकालदेखि नै सांस्कृतिक र सभ्यतागत सम्बन्ध रहेको बताउनु भयो। उहाँले भन्नु भयो, भारत र चीनले मिलेर विश्वव्यापी कल्याणमा योगदान पुऱ्याएका छन्। उहाँले भारत र चीनबीचको बलियो सम्बन्ध भविष्यमा पनि जारी रहनुपर्ने बताउनु भयो।पाकिस्तान सम्बन्धी एक प्रश्नको जवाफ दिनु हुँदै प्रधानमन्त्रीले भन्नु भयो, विभाजनपछि पाकिस्तानले सामंजस्यपूर्ण सह-अस्तित्वको विकल्प रोजेन। पाकिस्तानले भारत विरुद्ध छद्म युद्ध रोजेको छ। उहाँले कुन विचारधाराले रक्तपातमा जोड दिन्छ र आतंकवादलाई बढावा दिन्छ भन्ने प्रश्न गर्नु भयो। श्री मोदीले भन्नुभयो, भारत आतंकवादको एक मात्र पीडित होइन। उहाँले भन्नु भयो, जब पनि संसारमा कुनै पनि आतंकवादी घटना हुन्छ, त्यो कुनै न कुनै रूपमा पाकिस्तानसँग सम्बन्धित हुन्छ। यसका लागि प्रधानमन्त्रीले छिमेकी देशमा शरण लिएका ओसामा बिन लादेनको उदाहरण दिनु भयो। श्री मोदीले जोड दिनु भयो, भारतले पाकिस्तानलाई देशको भलाइको लागि राज्य-प्रायोजित आतंकवादको बाटो त्याग्न निरन्तर आग्रह गरेको छ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उहाँलाई कडा वार्ताकार भनेकोमा श्री मोदीले यो राष्ट्रपति ट्रम्पको उदारता भएको बताउनु भयो। प्रधानमन्त्रीले कसैलाई पनि हानि नपुऱ्याई विभिन्न मञ्चहरूमा भारतको हितको लागि दृढतापूर्वक उभिएको बताउनु भयो।श्री मोदीले आफू जनताको सेवा गर्न राजनीतिमा आएको र आफूलाई कहिल्यै शक्तिको चिन्ता नभएको बताउनु भएको छ। पोडकास्टमा, श्री मोदीले आफ्नो ध्यान शक्तिको चाहनामा भन्दा काममा

रहेको बताउनु भयो। प्रधानमन्त्रीले आफ्नो शासनको जग जनताको विश्वास भएको बताउनु भयो। उहाँले भन्नु भयो, उहाँको शासन चुनावमा होइन, जनतामा निहित छ। उहाँले भन्नु भयो, उहाँको सरकार भारतीय नागरिकहरूको हित र राष्ट्रको कल्याणप्रति प्रतिबद्ध छ। उहाँले विश्वको सबैभन्दा ठूला राजनीतिक दलहरूमध्ये एकको हिस्सा हुन पाएकोमा गर्व पनि व्यक्त गर्नु भयो।श्री मोदीले २०२४ को आम चुनावमा ९८ करोड पंजीकृत मतदाता रहेको जुन उत्तर अमेरिकाको सम्पूर्ण जनसंख्याको दोब्बर हो भनी बताउनु भयो। मतदान सञ्चालनका लागि दश लाखभन्दा बढी मतदान केन्द्रहरू स्थापना गरिएको उहाँले बताउनु भयो। श्री मोदीले भन्नु भयो, भारतमा लगभग २,५०० राजनीतिक दलहरू छन् र ९०० भन्दा बढी २४ घण्टा खुल्ने टिभी समाचार च्यानलहरू छन्। उहाँले सबैले आ-आफ्नो तरिकाले लोकतन्त्र कायम राख्न भूमिका खेल्ने बताउनु भयो। उहाँले भन्नु भयो, देशको निर्वाचन आयोगले स्वतन्त्र र निष्पक्ष चुनाव सञ्चालन गरेर विश्वव्यापी मापदण्ड कायम गरेको छ।

****** ० ******

**न्यूजील्याण्ड प्रधानमन्त्रीको भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनसँग भारत-न्यूजील्याण्ड सम्बन्धका विभिन्न पक्षहरूमा छलफल गर्नु हुनेछ। उहाँ राष्ट्रपति द्रौपदी मुर्मुलाई भेट्न राष्ट्रपति भवन पनि जानु हुनेछ।प्रधानमन्त्री क्रिस्टोफर लक्सनले आज मुम्बईको भ्रमण गर्नु हुनेछ। जहाँ उहाँले उद्योगीहरूसँग कुराकानी गर्नु हुनेछ। श्री लक्सनको भ्रमणको उद्देश्य दुई देशबीचको सम्बन्धलाई सुदृढ पार्नु र पारस्परिक जनता-जनताबीचको सम्पर्कलाई प्रवर्द्धन गर्नु हो। श्री लक्सन पाँच दिने भ्रमणमा हिजो नयाँ दिल्ली आइ पुग्नुभयो। उहाँसँगै मन्त्रीहरू, वरिष्ठ अधिकारीहरू, व्यापारीहरू, मिडिया र भारतीय प्रवासी समुदायका सदस्यहरू सम्मिलित उच्च स्तरीय प्रतिनिधिमण्डल पनि आएको छ।

****** ० ******

**प्रधानमन्त्री-रायसिना संवाद**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा रायसीना संवाद २०२५ को १० औं संस्करणको उद्घाटन गर्नु हुनेछ। उद्घाटन सत्रलाई न्युजिल्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नु हुनेछ। तीन दिने रायसिना संवाद कार्यक्रम १९ मार्चसम्म चल्नेछ। यस वर्षको कार्यक्रमको विषय कालचक्र - मानिसहरू, शान्ति र पृथ्वी हो। कार्यक्रमको अवधिमा, विश्वव्यापी नीति निर्माता र विचारकहरूले छवटा प्रमुख विषयहरूमा विचार-मन्थन गर्नेछन्।

****** ० ******

**निर्मला-पीएमआईएस**

वित्तमन्त्री निर्मला सीतारमणले आज प्रधानमन्त्री इन्टर्नशिप योजना-पीएमआईएसको लागि समर्पित एप लन्च गर्नु हुनेछ। योजनाको दोस्रो चरणको लागि दर्तालाई सजिलो बनाएर सहभागिता बढाउने लक्ष्य राखिएको छ। दर्ता ३१ मार्चसम्म गर्न सकिन्छ। यो एप मोबाइल फोनमा उपलब्ध हुनेछ जसले आवेदकहरूलाई सुविधा प्रदान गर्नेछ। एपको शुरुवातसँगै कोलकातामा PMIS को लागि एक समर्पित सहजीकरण केन्द्र पनि स्थापना गरिनेछ। यो केन्द्र कर्पोरेट मामिला मन्त्रालय-एमसीए र भारतीय उद्योग परिसंघ-सीआईआई बीचको एक सहयोगी प्रयास हो। ४७ मोडेल करियर केन्द्रहरू सञ्चालन गर्ने CII ले उम्मेदवारहरूलाई आवश्यक मार्गदर्शन प्रदान गर्न PMIS सेललाई एकीकृत गर्नेछ।

****** ० ******

**डोभाल-गाबार्ड**

राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हिजो नयाँ दिल्लीमा अमेरिकी राष्ट्रिय गुप्तचर निर्देशक तुलसी गब्बार्डसँग भेटवार्ता गर्नु भएको छ। स्रोतका अनुसार तुलसी गब्बार्डले श्री डोभालसँग भारत-अमेरिका सम्बन्धका विभिन्न पक्षहरूमा विस्तृत छलफल गर्नु भएको थियो। तुलसी गब्बार्ड आफ्नो बहुराष्ट्रिय भ्रमणको एक भागको रूपमा भारत आउनु भएको थियो। आफूलाई "प्रशान्त महासागरको सन्तान" भनेर वर्णन गर्दै, गबार्डले जापान, थाइल्याण्ड र भारतको भ्रमण गर्ने र फ्रान्समा छोटो समय बिताउने बताउनु भएको थियो। ट्रम्प प्रशासनको शीर्ष अधिकारीको रूपमा

यो गबार्डको दोस्रो अन्तर्राष्ट्रिय यात्रा हो। गत महिना उहाँ म्युनिख सुरक्षा सम्मेलनमा भाग लिन जर्मनी जानु भएको थियो। उहाँको भ्रमणको एसिया चरण भोलि मंगलबार दिल्लीमा सुरक्षा अधिकारीहरूको बहुराष्ट्रिय भेला, रायसिना संवादमा उहाँको सम्बोधनसँगै समाप्त हुनेछ। उहाँलाई प्रधानमन्त्री नरेन्द्र मोदीले रायसिना संवादको लागि आमन्त्रित गर्नु भएको थियो।

****** ० ******

**मध्य प्रदेशका मुख्यमन्त्री - चिता**

आजदेखि, मध्य प्रदेशको श्योपुरमा रहेको कूनो नेशनल पार्क -केएनपीमा थप पाँचवटा चितुवाको परिवार घुमिरहेको देखिनेछ। मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवले सामाजिक सञ्जाल पोस्टमा यो जानकारी दिनु भएको छ। उहाँले दक्षिण अफ्रिकाबाट ल्याइएको गामिनी नामक पोथी चितुवा केएनपीमा छाडिने बताउनु भएको छ। गामिनीसँगै उनका दुई भाले र दुई पोथी बच्चाहरू पनि हुनेछन्, जसले कूनो नेशनल पार्कको खजुरी पर्यटकीय क्षेत्रमा संरक्षण प्रयासहरूको लागि अर्को कोसेढुङ्गा साबित गर्नेछ। यस वर्षको फरवरी महिनामा कूनो नेशनल पार्क चारवटा चितुवा छाडिएको थियो। केएनपीमा चितुवा छाडिएको यो तेस्रो पटक हो।

****** ० ******

**सर्वोच्च न्यायलय -आरजी कर मुद्दा**

सर्वोच्च न्यायलयले आज कोलकाता आरजीकर मामिलाको सुनुवाइ गर्नेछ। न्यायलयले आरजीकर मेडिकल कलेज तथा अस्पतालकी एक जुनियर डाक्टरको बलात्कार र हत्याको मुद्दाको सुनुवाइ गर्नेछ। सर्वोच्च अदालतले यस विषयमा स्वतः संज्ञान लिएको थियो। भारतका प्रधानन्यायाधीश संजीव खन्ना र न्यायाधीश संजय कुमारको इजलासले भोलिदेखि मुद्दाको सुनुवाइ शुरु गर्नेछ। अघिल्लो सुनुवाइमा, प्रधानन्यायाधीशको नेतृत्वको इजलासले देशभरका अस्पताल र मेडिकल कलेजहरूलाई जघन्य बलात्कार र हत्या मुद्दाको विरोधमा भाग लिएका तर सर्वोच्च अदालतमा पुनरावेदनपछि काम पुनः सुरु गरेका डाक्टर र मेडिकल कर्मचारीहरूलाई दण्डित नगर्न निर्देशन दिएको थियो। गत वर्ष अगस्टमा, कोलकाताको आरजीकर मेडिकल कलेज तथा अस्पतालमा प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्या र सम्बन्धित मुद्दाहरू शीर्षकको स्वीकृति मुद्दाको सुनुवाइ गर्दै सर्वोच्च अदालतले प्रदर्शनकारीहरूलाई चाँडोभन्दा चाँडो काममा फर्कन आग्रह गरेको थियो र विरोधमा भाग लिएकोमा उनीहरूमाथि कुनै प्रतिकूल कारबाही गरिने छैन भन्ने आश्वासन दिएको थियो।

****** ० ******

**ओडिशा गर्मी**

आज ओडिशाका धेरै जिल्लाहरूमा तापक्रम तीव्र गतिमा बढ्ने सम्भावना छ। मौसम विज्ञान विभागले झारसुगुडा, सम्बलपुर र कालाहांडी जिल्लाका केही स्थानहरूमा गर्मीको लहरको अवस्थाको पूर्वानुमान गर्दै आजको लागि रेड अलर्ट जारी गरेको छ। यसैबीच, सुन्दरगढ, सोनपुर, कालाहाण्डी, बौद्ध र बोलाङ्गीर जिल्लाहरूको लागि औरेंज अलर्ट जारी गरिएको छ र केओंझर, अंगुल, ढेंकनाल र मयूरभञ्ज जिल्लाहरूको लागि येल्लो अलर्ट जारी गरेको छ। मौसम विभागले बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्मको अत्यधिक गर्मीको समयमा बाहिर निस्कँदा गर्मीलाई ध्यानमा राखेर सावधानी अपनाउन सल्लाह दिएको छ।

****** ० ******

**कबड्डी विश्वकप**

कबड्डी विश्वकप २०२५ आजदेखि इङ्गल्याण्डमा शुरु हुँदैछ। यो चार शहरहरू बर्मिंघम, कोभेन्ट्री, वाल्सल र वोल्भरह्याम्प्टन आयोजना हुनेछ। पुरुष कबड्डी विश्वकपमा १० टोलीले प्रतिस्पर्धा गर्नेछन्, जसलाई दुई बराबर समूह - ए र बी मा विभाजन गरिएको छ। समूह ए मा हंगेरी, इङ्गल्याण्ड, पोल्याण्ड, जर्मनी र संयुक्त राज्य अमेरिका छन् भने समूह बी मा भारत, इटाली, स्कटल्याण्ड, वेल्स र हङकङ चीन छन्। राउन्ड रोबिन खेलहरूपछि प्रत्येक समूहबाट शीर्ष चार टोलीहरू क्वार्टर फाइनलमा प्रवेश गर्नेछन्।यसको साथै महिला कबड्डी विश्वकप २०२५ मा छ टोलीले भाग लिनेछन्। जसलाई D र E दुई समूहमा विभाजन गरिएको छ। समूह डी मा भारत, वेल्स र पोल्याण्ड छन् भने समूह ई मा हङकङ चीन, हंगेरी र इङ्गल्याण्ड छन्। प्रत्येक समूहका शीर्ष दुई टोलीले २२ मार्चमा सेमिफाइनल खेल्नेछन्। भारतीय

महिला कबड्डी टोलीलाई वेल्स र पोल्याण्डसँगै समूह डी मा राखिएको छ। यो विश्व कबड्डीद्वारा आयोजना भइरहेको दोस्रो कबड्डी विश्वकप हो। २०१९ मा मलेसियामा आयोजित पहिलो संस्करणमा, भारतले फाइनलमा क्रमशः इराक र चाइनिज ताइपेईलाई हराउँदै पुरुष र महिला दुवै उपाधि जितेको थियो। इङ्गल्याण्डमा आयोजना हुने यो विश्वकप एसिया बाहिरको पहिलो कबड्डी विश्वकप हुनेछ।

****** ० ******